शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

मिति २०८३/६/२१ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. विजयादशमी, दिपावली, छठ पर्व तथा नेपाल संवतको शुभकामना आदान प्रदान सम्बन्धमा।

२. चालु आ.व.मा प्रस्तावित योजना कार्यान्वयन सम्बन्धमा।

३. विविध सम्बन्धमा ।

(१) करार तथा ज्यालादारी कर्मचारीको सेवा नविकरण सम्बन्धमा ।
(२) कार्यक्रम संसोधन सम्बन्धमा ।
(३) जेसिवि तथा एक्साभेटर मेशिनको दर तोक्ने सम्बन्धमा ।
(४) शिक्षकहरुले पेश गरेको सुझाव पत्र सम्बन्धमा ।
(५) एक्साभेटर र टिप्पर छाड्न लेखि पठाउने सम्बन्धमा ।
(६) नमूना कृषि फर्मको लागि रकम विनियोजन सम्बन्धमा ।
(७) प्रहरी चौकी लाइ दशै पुजा खर्च उपलब्ध गराउने सम्बन्धमा ।
(८) पुल उदघाटन तथा वडा पुनः संरचना खर्च भुक्तानी सम्बन्धमा ।
(९) देवदह मेडिकल कलेज एण्ड रिसर्च इन्स्टिच्युट प्रा.लि.को प्रस्ताव सम्बन्धमा ।

निर्णयहरुः-

निर्णय नं. १

प्रस्ताव नं .१ माथि छलफल गर्दा २०८३ सालको विजयादशमी, दिपावली तथा छठ लगायतका पर्वहरुको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण शितगंगा नगरवासी लगायत नेपाली दाजु भाई तथा दिदी बहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवं उत्तरोत्तर प्रगतीको हार्दिक शुभकामना व्यक्त गर्दछौ।

निर्णय नं. २

प्रस्ताव नं .२ माथि छलफल गर्दा मिति २०८३/४/२९ गतेको कार्यपालिकाको बैठकबाट चालु आ.व.का योजना कार्यान्वयनका सन्दर्भमा भएको निर्णय बमोजिम सबै योजना तथा कार्यक्रम समयमै कार्यान्वयन गर्ने गरी प्रकृया अगाडी बढाउने ।साथै नेपाल सरकारले स्वीकृत गरेको सार्वजनिक खरिद (सोहौ संसोधन) नियमावली, २०८३ ले व्यवस्था गरेबमोजिम यस नगरपालिकाले बनाएको उपभोक्ता समिति दर्ता तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८३ बमोजिम गर्ने गराउने निर्णय गरियो।

निर्णय नं. ३ (१)

प्रस्ताव नं .३ (१) माथि छलफल गर्दा मिति २०८३/३/२६ गतेको नगरकार्यपालिकाको बैठकबाट यस शितगंगा नगरपालिका र नगरपालिका अन्तर्गत सेवा केन्द्रहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता नविकरण गर्ने निर्णय भएकोमा स्वास्थ्य सेवा, इन्जिनियरिङ्ग सेवा, कृषि पशु सेवा, सूचना प्रविधि सेवा, विविध सेवा, एमआइएस अप्रेटर, मनोसामाजिक परामर्शकर्ता, उद्यम विकास सहजकर्ता, हलुका सवारी चालक, कानुनी सल्लाहकार, मेलमिलाप सहजकर्ता, कार्यालय सहयोगी, माली, स्वीपर, दह हेरालु, खोला हेरालु, दुग्ध संकलक, जुनियर ल्याव टेक्निसियन, नमुना कृषि फर्मका हेरालु र रोजगार संयोजक समेतका पदमा गत विगत देखि कार्यरत तपशिल बमोजिमका करार तथा दैनिक ज्यालादारी कर्मचारीहरुलाई यस आ.व.मा समेत निरन्तर

प्रमुख प्रशासकीय अधिकृत

कामकाज गराइरहेको तर हाल सम्म करार कर्मचारीहरुको करार सम्झौता नविकरण नभएको, दैनिक ज्यालादारी कर्मचारीको कार्यादेश नभएको तर निजहरुले नियमित रुपमा कार्य गर्दै आएको र सम्बन्धित शाखा प्रमुखहरुबाट समेत निजहरुको सेवा निरन्तरता आवश्यक भएको भनि शिफारिस समेत भएको अवस्थामा मिति २०८३/४/१ गते देखि लागू हुने गरी २०८४ असार मसान्त सम्मको करार सम्झौता नविकरण तथा कार्यादेश दिने साथै उल्लेखित कर्मचारीहरुले सेवा छाडेमा सेवाको निरन्तरताको लागि आवश्यक प्रकृया पुरा गरी उक्त कर्मचारीहरुको सट्टामा सेवा लिन कर्मचारी राख्न सकिने निर्णय गरियो ।

तपशिल

क्र. सं.	नाम थर	पद	तह	कार्यरत कार्यालय	कैफियत
१	डा. भरत मणि पौडेल	मेडिकल अधिकृत	आठौं	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	दरबन्दी करार
२	मधु पौडेल	सूचना प्रविधि अधिकृत	सातौं	शितगंगा नगरपालिका	कार्यक्रम करार
३	रमेश बेल्बासे	रोजगार संयोजक	छैटौं	शितगंगा नगरपालिका	कार्यक्रम करार
४	नारायण पाण्डे	इन्जिनियर	छैटौं	शितगंगा नगरपालिका	न.पा. करार
५	विकास अधिकारी	हे.अ.	पाँचौं	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	दरबन्दी करार
६	धर्मराज बञ्जाडे	एम आई एस अपरेटर	पाँचौं	शितगंगा नगरपालिका	कार्यक्रम करार
७	बबिता पौडेल	मनोसामाजिक परामर्शकर्ता	पाँचौं	शितगंगा नगरपालिका	कार्यक्रम करार
८	रिता न्यौपाने	फार्मेसी सहायक	पाँचौं	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
९	लक्ष्मी भट्टराई	स.क.अ.	चौथो	शितगंगा नगरपालिका	दरबन्दी करार
१०	भरत वि.क.	अ.स.इ.	चौथो	वडा नं. 1,2	दरबन्दी करार
११	तेज कुमार बेल्बासे	अ.स.इ.	चौथो	वडा नं. 5,6	दरबन्दी करार
१२	तुल्सीराम पौडेल	अ.स.इ.	चौथो	वडा नं. 9,14	दरबन्दी करार
१३	प्रकाश बेल्बासे	अ.स.इ.	चौथो	वडा नं. 10,13	दरबन्दी करार
१४	अजय कुमार यादव	उद्यम विकास सहजकर्ता	चौथो	शितगंगा नगरपालिका	कार्यक्रम करार
१५	कमला कुमारी बुढा	उद्यम विकास सहजकर्ता	चौथो	शितगंगा नगरपालिका	कार्यक्रम करार
१६	लक्ष्मी बञ्जाडे	अ.न.मि.	चौथो	जुकेना स्वास्थ्य चौकी	दरबन्दी करार
१७	कमला पौडेल	अ.न.मि.	चौथो	सुवर्णखाल स्वास्थ्य चौकी	कार्यक्रम करार
१८	विष्णु सिंजाली	अ.न.मि.	चौथो	जलुके स्वास्थ्य चौकी	कार्यक्रम करार
१९	शर्मिला वि.सी.	अ.न.मि.	चौथो	सितापुर स्वास्थ्य चौकी	कार्यक्रम करार
२०	शुसिला वि.सी.	अ.न.मि.	चौथो	सिमलपानी स्वास्थ्य चौकी	कार्यक्रम करार
२१	अर्चना पाण्डेय	वैद्य	चौथो	नागरिक आयुर्वेद केन्द्र	कार्यक्रम करार
२२	राम प्रसाद गौतम	ना.प.स्वा.प्रा.	चौथो	वडा नं. ५	OVOT
२३	सुभाष बञ्जाडे	ना.प.से.प्रा.	चौथो	वडा नं. १	OVOT
२४	हेमन्त कुमार भट्टराई	ना.प.से.प्रा.	चौथो	वडा नं. ८	OVOT
२५	रामु आचार्य	ना.प.से.प्रा.	चौथो	वडा नं. ११	OVOT
२६	कुसुम थापा	ना.प्रा.स.	चौथो	वडा नं. ४	OVOT

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२७	इन्दु भट्टराई	ना.प्रा.स.	चौथो	वडा नं. ८	OVOT
२८	विष्णुमाया भट्टराई	ना.प्रा.स.	चौथो	वडा नं. १४	OVOT
२९	सुजता बेल्बासे	ल्याब असिस्टेन्ट	चौथो	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
३०	प्रभाकर बि.सी.	ल्याब असिस्टेन्ट	चौथो	सिमलपानी स्वास्थ्य चौकी	न.पा. करार
३१	विन्दु अधिकारी	ल्याब असिस्टेन्ट	चौथो	जुकेना स्वास्थ्य चौकी	न.पा. करार
३२	कल्पना परियार	अ.न.मि.	चौथो	भेडामारा आ.स्वा.केन्द्र	न.पा. करार
३३	सम्झना घ.म.	अ.न.मि.	चौथो	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
३४	सिर्जना नेपाली	अ.न.मि.	चौथो	लाहापे आ.स्वा. केन्द्र	न.पा. करार
३५	हिक्मती पुन	अ.न.मि.	चौथो	लाहापे आ.स्वा. केन्द्र	न.पा. करार
३६	कमला घ.म.	अ.न.मि.	चौथो	लामिदमार आ.स्वा. केन्द्र	न.पा. करार
३७	पासाङ ल्हामु शेर्पा	अ.न.मि.	चौथो	ढुङ्गेशेरा आ.स्वा. केन्द्र	न.पा. करार
३८	सोना पाण्डे क्षेत्री	अ.न.मि.	चौथो	रजिया आ.स्वा. केन्द्र	न.पा. करार
३९	कमला पौडेल	अ.हे.व.	चौथो	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
४०	बालकृष्ण श्रेष्ठ	अ.हे.व.	चौथो	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
४१	टेकलाल बेल्बासे	अ.हे.व.	चौथो	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
४२	मधु पन्थी	अ.हे.व.	चौथो	भेडामारा आ.स्वा.केन्द्र	न.पा. करार
४३	भीम बहादुर थापा	अ.हे.व.	चौथो	देउराली आ.स्वा. केन्द्र	न.पा. करार
४४	हरी बहादुर कुमाल	अ.हे.व.	चौथो	देउराली आ.स्वा. केन्द्र	न.पा. करार
४५	नारायण आले	अ.हे.व.	चौथो	लामाताल श.स्वा. केन्द्र	न.पा. करार
४६	कविता वि.क.	अ.हे.व.	चौथो	बडिदमार श.स्वा. केन्द्र	न.पा. करार
४७	विना भट्टराई	अ.हे.व.	चौथो	मन्द्रे श.स्वा. केन्द्र	न.पा. करार
४८	नेत्र प्रसाद पौडेल	अ.हे.व.	चौथो	लौरी श.स्वा. केन्द्र	न.पा. करार
४९	देविका पुन	अ.हे.व.	चौथो	रांँगाकाटे श.स्वा. केन्द्र	न.पा. करार
५०	मधु थापा	अ.हे.व.	चौथो	सिद्धारा स्वास्थ्य चौकी	न.पा. करार
५१	संगिता भाट क्षेत्री	अ.हे.व.	चौथो	पावर आ.स्वा. केन्द्र	न.पा. करार
५२	गिता नेपाली	अ.हे.व.	चौथो	ढुङ्गेशेरा आ.स्वा. केन्द्र	न.पा. करार
५३	भानुभक्त बेल्बासे	अ.हे.व.	चौथो	खयरभट्टी श.स्वा. केन्द्र	न.पा. करार
५४	कविता अर्याल	अ.हे.व.	चौथो	रजिया आ.स्वा. केन्द्र	न.पा. करार
५५	कमला पोखेल	अ.हे.व.	चौथो	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
५६	आरती जि.एम. वि.सी.	अ.हे.व.	चौथो	मुसियान श.स्वा. केन्द्र	न.पा. करार
५७	मनिसा गैर	अ.हे.व.	चौथो	डोहोटे श.स्वा. केन्द्र	न.पा. करार
५८	केशव आचार्य	अ.हे.व.	चौथो	ढुङ्गेशेरा आ.स्वा. केन्द्र	न.पा. करार
५९	रमा घर्ती	अ.हे.व.	चौथो	करेचुली श.स्वा. केन्द्र	न.पा. करार
६०	शिल्पा विष्ट	अ.हे.व.	चौथो	सिद्धारा स्वास्थ्य चौकी	न.पा. करार
६१	आस्ता ज्ञवाली	अ.हे.व.	चौथो	जलुके स्वास्थ्य चौकी	न.पा. करार
६२	संगिता न्यौपाने	अ.हे.व.	चौथो	गन्दी श.स्वा. केन्द्र	न.पा. करार
६३	शुशिला पौडेल ढकाल	अ.हे.व.	चौथो	पावर आ.स्वा. केन्द्र	न.पा. करार

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

६४	कृष्ण बहादुर वि.क.	अ.हे.व.	चौथो	हर्रे श.स्वा. केन्द्र	न.पा. करार
६५	रोमा अधिकारी	अ.हे.व.	चौथो	पद्मे श.स्वा. केन्द्र	न.पा. करार
६६	सिता खाम्चाकी	अ.हे.व.	चौथो	गल्दुङ श.स्वा. केन्द्र	न.पा. करार
६७	धर्म कुमार रोका	अ.हे.व.	चौथो	चाबेनेटा श.स्वा. केन्द्र	न.पा. करार
६८	अर्जुन थापा	ह.स.चा.	-	शितगंगा नगरपालिका	न.पा. करार
६९	नारायण अधिकारी	ह.स.चा.	-	शितगंगा नगरपालिका	न.पा. करार
७०	रेशम क्षेत्री	ह.स.चा.	-	शितगंगा नगरपालिका	न.पा. करार
७१	अनुप पोखेल	कानुनी सल्लाहकार		शितगंगा नगरपालिका	न.पा. करार
७२	ऋषिराम घमिरे	मेलमिलाप स.क	-	शितगंगा नगरपालिका	न.पा. करार
७३	मधुकला भुसाल	का.स.	-	शितगंगा नगरपालिका	न.पा. करार
७४	निर्मला खनाल घिमिरे	का.स.	-	शितगंगा नगरपालिका	न.पा. करार
७५	प्रकाश अधिकारी	का.स.	-	शितगंगा नगरपालिका	न.पा. करार
७६	हिमकान्त बेल्बासे	का.स.	-	शितगंगा नगरपालिका	न.पा. करार
७७	चन्द्र बहादुर रेश्मी	का.स.	-	शितगंगा नगरपालिका	न.पा. करार
७८	सुदन आचार्य	का.स.	-	शितगंगा नगरपालिका	न.पा. करार
७९	मुक्त बहादुर बेल्वासे	का.स.	-	वडा नं. १	न.पा. करार
८०	टेक बहादुर क्षेत्री	का.स.	-	वडा नं. २	न.पा. करार
८१	भक्तिराम अधिकारी	का.स.	-	वडा नं. ३	न.पा. करार
८२	नागेन्द्र आचार्य	का.स.	-	वडा नं. ४	न.पा. करार
८३	मेघलाल बेल्बासे	का.स.	-	वडा नं. ४	न.पा. करार
८४	घनश्याम पौडेल	का.स.	-	वडा नं. ५	न.पा. करार
८५	थमन बहादुर भाट	का.स.	-	वडा नं. ६	न.पा. करार
८६	हस्तमा बुढा मगर	का.स.	-	वडा नं. ८	न.पा. करार
८७	पर्स बहादुर गाहा	का.स.	-	वडा नं. ९	न.पा. करार
८८	सिंह घर्ती	का.स.	-	वडा नं. ९	न.पा. करार
८९	सुरज बेल्वासे	का.स.	-	वडा नं. १०	न.पा. करार
९०	जित बहादुर सुनारी	का.स.	-	वडा नं. ११	न.पा. करार
९१	अशोक पौडेल	का.स.	-	वडा नं. १२	न.पा. करार
९२	कृष्ण बहादुर भाट	का.स.	-	वडा नं. १३	न.पा. करार
९३	लेखनाथ पोखेल	का.स.	-	वडा नं. १४	न.पा. करार
९४	कुलानन्द घिमिरे	का.स.	-	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
९५	शारदा घिमिरे	का.स.	-	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
९६	पवित्रा अधिकारी	का.स.	-	ठाडा प्राथमिक स्वास्थ्य केन्द्र	न.पा. करार
९७	दिपा बेल्वासे	का.स.	-	सुवर्णखाल स्वास्थ्य चौकी	न.पा. करार
९८	मधु थापा	का.स.	-	सितापुर स्वास्थ्य चौकी	न.पा. करार
९९	प्रेमनारायण पौडेल	का.स.	-	जुकेना स्वास्थ्य चौकी	न.पा. करार
१००	सपना राना	का.स.	-	सिद्धारा स्वास्थ्य चौकी	न.पा. करार

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१०१	गिता वि.सी.	का.स.	-	सिमलपानी स्वास्थ्य चौकी	न.पा. करार
१०२	गिता अधिकारी	का.स.	-	पावर आ.स्वा. केन्द्र	न.पा. करार
१०३	साजिमा सुनारी	का.स.	-	दुङ्गेशेरा आ.स्वा. केन्द्र	न.पा. करार
१०४	बसन्ता खनाल	का.स.	-	देउराली आ.स्वा. केन्द्र	न.पा. करार
१०५	गोमा पौडेल	का.स.	-	भेडामारा आ.स्वा.केन्द्र	न.पा. करार
१०६	रमिता वली डाँगी	का.स.	-	लामिदमार आ.स्वा. केन्द्र	न.पा. करार
१०७	मनकला घ.म.	का.स.	-	लाहापे आ.स्वा. केन्द्र	न.पा. करार
१०८	विना भट्टराई	का.स.	-	मन्द्रे श.स्वा. केन्द्र	न.पा. करार
१०९	रविना नेपाली	स्वीपर	-	शितगंगा नगरपालिका	न.पा. करार
११०	सुमित्रा नेपाली	स्वीपर	-	शितगंगा नगरपालिका	न.पा. करार
१११	विष्णु प्रसाद आचार्य	अमिन	-	शितगंगा नगरपालिका	ज्यालादारी
११२	भक्तिराम न्यौपाने	का.स.	-	शितगंगा नगरपालिका	ज्यालादारी
११३	शकुन्तला भाट	माली	-	शितगंगा नगरपालिका	ज्यालादारी
११४	निर्मला के.सी.	स.क.अ.	-	वडा नं. 9	ज्यालादारी
११५	नारायण प्रसाद पल्ली	का.स.	-	वडा नं. 11	ज्यालादारी
११६	खगिश्वर पाण्डे	का.स.	-	नागरिक आयुर्वेद केन्द्र/ सुरक्षा गार्ड	ज्यालादारी
११७	छमकला राउत	का.स.	-	जलुके स्वास्थ्य चौकी	ज्यालादारी
११८	पवित्रा पेङ्नी	का.स.	-	जुकेना स्वास्थ्य चौकी	ज्यालादारी
११९	तारा बहादुर दर्लामी	दह हेरालु	-	वडा नं. 3 (वडातर्फको बजेट)	ज्यालादारी
१२०	श्याम बहादुर गाहा	खोला हेरालु	-	वडा नं. 7 (वडातर्फको बजेट)	ज्यालादारी
१२१	हिमेन्द्र वेल्वासे	दुग्ध संकलक	-	वडा नं. 10 (वडातर्फको बजेट)	ज्यालादारी
१२२	धर्मराज वेल्वासे	जुनियर ल्याब टेक्निसियन	-	शितगंगा नगरपालिका	ज्यालादारी
१२३	माधव अधिकारी	फर्म हेरालु	-	नमुना कृषि फर्म	ज्यालादारी
१२४	लिल बहादुर मर्साई	फर्म हेरालु	-	नमुना कृषि फर्म	ज्यालादारी

निर्णय नं. ३ (२)

प्रस्ताव नं .३ (२) माथि छलफल गर्दा उन्नाइसौं नगरसभाबाट देहायको कार्यक्रमको लागि बजेट विनियोजन भएको तर विभिन्न कारणले कार्यान्वयनमा समस्या भइ संसोधन गर्नु पर्ने तपशिल बमोजिमका कार्यक्रम आगामी नगरसभावाट अनुमोदन हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

तपशिल

उन्नाइसौं नगरसभावाट कार्यक्रमको		संसोधन भइ कायम हुने कार्यक्रम		विनियोजित शिर्षक
कार्यक्रमको नाम	रकम	कार्यक्रमको नाम	रकम	
दिदी वहिनी तीजगीत पुर्नमिलन कार्यक्रम वडा तर्फ १३	४००००	दशै विशेष कार्यक्रम वडा नं. १३	४००००	सं. स. अ.

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३ (३)

प्रस्ताव नं .३ (३) माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र उपभोक्ता समिति वा नगरपालिकाले सडक मर्मत तथा अन्य विकास निर्माणमा मेशिनरी उपकरण प्रयोग गर्दा इन्धनको मुल्यमा आएको वृद्धि तथा समग्र मुल्य वृद्धिलाइ समेत मध्यनजर गर्दै जेसिवी तथा एक्साभेटर र ब्रेकर समेतको दर तपशिलमा नबढ्ने गरी कायम गर्ने निर्णय गरियो ।

तपशिल

(क) जेसिवी मेशिन/भ्याकु- प्रति घण्टा रु २९७०।-

(ख) १४० हर्स पावर सम्मको एक्साभेटर मेशिन- प्रति घण्टा रु ४७००, ब्रेकर समेत भए थप रु ५००।-

(ग) १८० देखि २२० हर्स पावर सम्मको एक्साभेटर मेशिन- प्रति घण्टा रु ५२००, ब्रेकर समेतमा थप रु ८००।-

निर्णय नं. ३ (४)

प्रस्ताव नं .३ (४) माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरुले संयुक्त रुपमा पेश गरेको निवेदन आजको वैठकमा पेश भइ जानकारी भयो ।

निर्णय नं. ३ (५)

प्रस्ताव नं .३ (५) माथि छलफल गर्दा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको च.न. ५९७ मिति २०८३/६/१९ गतेको नदिजन्य पदार्थ अनुगमन समितिका संयोजकलाई संवोधन गरी लेखी यस नगरपालिकालाई वोधार्थ दिएको पत्र आजको कार्यपालिका वैठकमा पेश भइ छलफल भयो । गत आ.व.मा यस नगरपालिकाको वडा नं. १४ सुखौरामा गंगा थापाको नाममा रहेको निजी जग्गा व्यवस्थापन गर्न नियमानुसार सम्झौता गरी कार्यदिश दिइ तोकिएको समयावधि मिति २०८३ जेष्ठ मसान्त भित्र जग्गा व्यवस्थापन कार्य गर्दा निस्केको तोकिएको परिमाण भित्रको माटो प्रदेशले तोकेको दररेट अनुसार राजश्व बुझाइ बुटवल- गोरुसिंगे सडक स्तरोन्नती कार्यमा लगेको अवस्थामा केही परिमाण जग्गा व्यवस्थापन क्षेत्र भन्दा करिव ५-७ कि.मी. टाढा वडा नं. १४ कै विक्रम क्षेत्रमा डम्पीङ्ग गरेको तर तत्कालिन अवस्थामा पेट्रोलियम पदार्थ अभाव भएका कारण ढुवानी गरी लैजान नसकेको र सो को जानकारी उक्त समयमा नै यस कार्यालयलाई पत्राचार मार्फत गराएको। मिति २०८३/६/१८ गते उक्त डम्पीङ्ग माटो सडक मर्मतमा प्रयोग गर्न ढुवानी गरी लैजाने क्रममा सिमलपानी प्रहरी चौकीबाट खटिएको टोलिले ना.१ क ९५४१ नम्वरको एक्साभेटर र माटो लोडगरी लैजान लागेको वा.प्र. ०६-००-१ क ०२८१ नम्वरको टिप्पर नियन्त्रणमा लिएको सम्वन्धमा उक्त माटो गत आ.व.मा सम्झौता गरी निजी जग्गा व्यवस्थापन गर्दा निस्केको सम्झौताको परिमाण भित्रकै भएको र सो को नियमानुसार राजश्व समेत बुझाएको, थप उत्खनन् नभइ त्यस समयमा गरिएको डम्पिङ्ग परिमाण भएकोले यस विषयसँग सम्बन्धित कार्यको सिलसिलामा नियन्त्रणमा लिइएको हो भने मेशिन तथा गाडी छाडिदिन जिल्ला समन्वय समितिको कार्यालय अर्घाखाँची तथा जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीलाई लेखि पठाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३ (६)

प्रस्ताव नं .३ (६) माथि छलफल गर्दा गत विगत आ.व.देखि नगरपालिकाले वडा नं. ३ मा संचालन गर्दै आएको नमुना कृषि फर्ममा नगरपालिकाले आफै कामदार लगाइ उत्पादन गरी उत्पादित कृषि माल वस्तु बिक्री गर्ने र सो को आम्दानी नगरपालिकामा जम्मा गर्ने साथै कृषकहरुको लागि सिकाइ केन्द्रको रुपमा प्रयोगमा ल्याउने उद्देश्य सहित सञ्चालनमा रहेको उक्त फर्म निरन्तर संचालन गर्न चालु आ.व.मा बजेट बिनियोजन नभएकोले फर्म संचालन गर्न कठिनाइ उत्पन्न भइ हाल सम्म संचालित कार्य निरुद्देश्य हुन सक्ने अवस्था देखिएकोले उक्त फर्ममा कार्यरत कामदार तथा फर्म व्यवस्थापनको लागि मौज्दात सरेको रकमबाट चालु आ.व.को लागि रु ४ लाख बिनियोजन गरी नियमित रुपमा संचालन गर्ने गराउने निर्णय गरियो।

निर्णय नं. ३ (७)

प्रस्ताव नं .३ (७) माथि छलफल गर्दा २०८३ सालको विजयादशमी तथा दिपावली समेतका पर्वको समयमा नगर क्षेत्रमा हुनसक्ने शान्ति सुरक्षा व्यवस्थापन लगायतका कार्यमा थप सहयोग पुर्याउनका लागि प्रोत्साहन स्वरुप तथा संस्कृति संरक्षणका कार्यका लागि यस शितगंगा नगरपालिका क्षेत्र भित्र रहेका सुरक्षा निकायहरु ठाडा र सिद्धारा ईलाका प्रहरी कार्यालयलाई रु १५/१५ हजारका दरले र सिमलपानी प्रहरी चौकी, जलुके प्रहरी चौकी, डोहोटे प्रहरी चौकी र सातमारा प्रहरी चौकीलाई रु १०/१० हजारका दरले वडाबाट थप नहुने गरी गत विगत आ.व.हरुमा प्रदान गरिएबमोजिम चालु आ.व.को नगरपालिका तर्फ संस्कृती संरक्षण शिर्षकमा रहेको रकमबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३ (८)

प्रस्ताव नं .३ (८) माथि छलफल गर्दा वडा नं. ९ रनसिंग खोलामा निर्माण सम्पन्न भएको मोटरेवल पुल उदघाटनको अवसरमा कार्यक्रम खर्च बापत अधिकतम रु २५०००।- र वडा पुनः संरचनाको क्रममा वडा नं. ९ को रागाकाटेमा भेला गर्दा भएको कार्यक्रम खर्च बापत बढीमा रु २१०००।- प्रचलित कानुन वमोजिम पेश भएका विल भरपाइका आधारमा विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ (९)

प्रस्ताव नं .३ (९) माथि छलफल गर्दा देवदह मेडिकल कलेज एण्ड रिसर्च इन्स्टिट्युट प्रा.लि.को प्रस्ताव आजको बैठकमा पेश भई छलफल भयो । सो सम्बन्धमा थप अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

2082/03/22

प्रमुख प्रशासकीय अधिकृत